वैठक सङ्ख्या: १०

मिति: २०७९।११।०३

आज मिति २०७९।११।०३ गते बुधबार विहान १२:३० बजे यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको ~~आठौं~~ १०औं बैठक गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा वसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १ | श्री प्रेम बहादुर भुजेल | – अध्यक्ष |
| २ | श्री जितेन्द्रमान तामाङ | – उपाध्यक्ष |
| ३ | श्री लेख बहादुर श्रेष्ठ | – सदस्य |
| ४ | श्री सुजन भण्डारी | – सदस्य |
| ५ | श्री ज्ञान वहादुर तामाङ | – सदस्य |
| ६ | श्री लोक बहादुर कुँवर | – सदस्य |
| ७ | श्री अञ्चल कुमार लामा | – सदस्य |
| ८ | श्री भरत बहादुर शिवभक्ती | – सदस्य |
| ९ | श्री रमेश राज खरेल | – सदस्य |
| १० | श्री मोतिलाल तामाङ | – सदस्य |
| ११ | श्री दल बहादुर तामाङ | – सदस्य |
| १२ | श्री केसारमान लामा | – सदस्य |
| १३ | श्री कल्पना पहरी | – सदस्य |
| १४ | श्री कुमारी विश्वकर्मा | – सदस्य |
| १५ | श्री चमेली परियार | – सदस्य |
| १६ | श्री शान्ती ठकुरी | – सदस्य |
| १७ | श्री सुलभ पहरी | – सदस्य |
| १८ | श्री विष्णु बहादुर पहरी | – सदस्य |
| १९ | श्री देवेन्द्र सुवेदी | – सचिव |

अन्य उपस्थिती:

२०.श्री रुपक अधिकारी प्रशासन/ योजना शाखा प्रमुख

२१.श्री साकार अधिकारी इन्जिनियर

२२.श्री विक्रम बस्नेत लेखापाल

**प्रस्ताव न.१ः अघिल्लो कार्यपालिका वैठकको समिक्षा सम्बन्धमा ।**

निर्णय न.१ः प्रस्ताव न. १ माथि छलफल गर्दा मिति २०७९ माघ १० गते बसेको ९ औ कार्यपलिका वैठकको समिक्षा गरियो सो वैठकमा भएको निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोष जनक रहेको देखियो । साथै कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरुको जतिसक्दो छिटो कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**प्रस्ताव न.२ः वडा न. ५ मा रहको गुम्बामा भएको विवादका सम्बन्धमा ।**

निर्णय न. २ः प्रस्ताव न.२ माथि छलफल गर्दा गाउँपालिका अध्यक्ष र उहाँको सल्लाहाकारको रुपमा नियुक्त हुनु भएको श्री तुलसीमान तामाङको नाम जोडेर भुम्लु गा.पा. वडा न. ५ को मुलावारीमा रहेको गुम्बाको खातावालको नाम परिवर्तन गर्ने र खाता वन्द गरी खातामा रहेको रकम हिनामिना गरेको सम्बन्धी विवादका विषयमा यथार्थ कुरा पत्ता लगाउनका लागि तपशिल बमोजिमको १ छानविन सिमिती गठन गर्ने निर्णय गरियो ।

तपशिल

१.श्री अन्चल कुमार लामा वडा न. ५ वडा अध्यक्ष : संयोजक

२.श्री लोक बहादुर कुँवर वडा न. ४ वडा अध्यक्ष : सदस्य

३. श्री भरत बहादुर शिवत्ती वडा न.६ वडा अध्यक्ष : सदस्य

उल्लेखित समितिले १५ दिन भित्र आफ्नो प्रतिवेदन गाउँपालिकामा पेश गर्ने र प्रशासनीक/प्राविधिक काम गर्नका लागि भुम्लु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट १ जना कर्मचारीलाई तोक्ने निर्णय गरियो ।

**प्रस्ताव न.३ः सवारी दररेट निर्धारण गर्ने सम्बन्धमा**

निर्णय न.३ः प्रस्ताव न. ३ माथि छलफल गर्दा मिति २०७९।१०।१० मा वसेको कार्यापालिका वैठकबाट निर्धारण गरिएको गाउँपालिकाको स्क्याभेटर, जे.सी.भी र टिपर सञ्चालन दररेट अपूर्ण भएको भन्ने गुनासो प्रास भएकोमा सो दररेटमा निम्न बमोजिम हुने गरी संशोधन गरियो ।

स्क्याभेटर र जे.सी.भी का लागि निर्धारण गरिएको दररेट सम्बन्धमाः अन्य दररेट अघिल्लो कार्यापालिका निर्णय अनुसार नै हुने तर स्क्याभेटर र जे.सी.भी लैजाँदा र ल्याउँदाको भाडा सम्बन्धीत पक्षले नै व्यहोर्नु पर्ने र ति सवारी साधन सञ्चालन गर्दा कुनै नोक्सानी भएमा सवारी साधन लैजाने पक्षले नै व्यहोर्नु पर्ने निर्णय गरियो ।

साथै टिपरका लागि नयाँ दररेट निम्न बमोजिम हुने गरी निर्धारण गरियो ।

| क्र.स | बाट | सम्म | भाडा | कैफियत |
|---|---|---|---|---|
| १ | दोलालघाट | काठमाण्डौ | रु.१६,०००।- | अघिल्लो कार्यापालिका वैठकले निर्धारण गरेको दरलाई सशोंधन गरिएको |
| २ | दोलालघाट | पौवा | रु.५,०००।- | |
| ३ | दोलालघाट | डुम्रे | रु.६,०००।- | |
| ४ | दोलालघाट | टार | रु.८,५००।- | |
| ५ | दोलालघाट | सल्ले | रु.१०,५००।- | |
| ६ | दोलालघाट | भुम्लु डाँडा | रु.११,०००।- | |
| ७ | दोलालघाट | जामुने | रु.११,०००।- | |
| ८ | दोलालघाट | मुलावारी | रु.१०,५००।- | |
| ९ | दोलालघाट | चौवास | रु.१२,०००।- | |
| १० | दोलालघाट | चौवास पोखरी | रु.१२,०००।- | |



भुम्लु गाउँपालिका २०७३

२०८०।११।१५

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | दोलालघाट | दुंदुगाउँ | रु.१४,०००।- | |
| १२ | दोलालघाट | हिले/उर्लेनी | रु.१४,०००।- | |
| १३ | दोलालघाट | ओखे/पात्ले | रु.१४,०००।- | |
| १४ | दोलालघाट | ओखे/पोखरी | रु.१५,०००।- | |
| १५ | दोलालघाट | कोड्का | रु.१६,०००।- | |
| १६ | दोलालघाट | काभ्रे | रु.१६,०००।- | |
| १७ | दोलालघाट | फँलाटे | रु.७,०००।- | |
| १८ | दोलालघाट | कोलाँती | रु.९,०००।- | |
| १९ | दोलालघाट | कार्तिकि | रु.९,५००।- | |
| २० | दोलालघाट | सापिङ्ग | रु.१२,०००।- | |
| २१ | दोलालघाट | सिम्थली | रु.१८,०००।- | |
| २२ | दोलालघाट | बेखसिम्ले | रु.२०,०००।- | |
| २३ | दोलालघाट | पिङ्गोला | रु.८,०००।- | |
| २४ | दोलालघाट | ९ न.वडा कार्यालय | रु.७,०००।- | |
| २५ | दोलालघाट | पिपलडाँडा | रु.७,०००।- | |
| २६ | दोलालघाट | नम्बरी डाँडा | रु.८,०००।- | |

दोलालघाट भन्दा अन्य स्थानमा गाडी रहेको र सामाग्री लिन उक्त स्थानमा खाली जानु परेमा १० प्रतिशत बढी भाडा लाग्ने र माथि उल्लेख भए भन्दा फरक स्थानमा जाने भएमा इन्धन खर्च बाहेक पक्की सडक प्रति किलोमिटर रु.३५०।– र कच्ची सडक प्रतिकिलोमिटर रु.९००।– भाडा लिन सकिने समेत निर्णय गरियो ।

**प्रस्ताव न.४: सवारी चालकका लागि भत्ता दिने सम्बन्धमा**

निर्णय न.४: प्रस्ताव न. ४ माथि छलफल गर्दा भुम्लु गाउँपालिकाले राखेका हेभी सवारी चालकलाई निम्न बमोजिम भत्ता दिने निर्णय गरियो ।

| क्र.स | सवारी साधन | दर | कैफियत |
|---|---|---|---|
| १ | स्क्याभेटर | रु.१५० प्रतिघण्टा | स्याभेटर सञ्चालन भएको दिनका आधारमा र स्क्याभेटरमा भएको अङ्कका आधारमा पूर्वाधार विकास समितिबाट सिफारिस भई आएपछि भुक्तानी दिईनेछ । भुम्लु गाउँपालिका बाहेक अन्य समिति/स्थान/व्यक्ति कोमा काम गर्न गएमा सो समिति/स्थान/व्यक्तिले नै उक्त भत्ता दिनु पर्नेछ । |
| २ | जे.सी.भी | रु.१०० प्रतिघण्टा | जे.सी.भी सञ्चालन भएको दिनका आधारमा र जे.सी.भीमा भएको अङ्कका आधारमा पूर्वाधार विकास समितिबाट सिफारिस भई आएपछि भुक्तानी दिईनेछ । भुम्लु गाउँपालिका बाहेक अन्य समिति/स्थान/व्यक्ति कोमा काम गर्न गएमा सो समिति/स्थान/व्यक्तिले नै उक्त भत्ता दिनु पर्नेछ । |
| ३ | टिपर | रु.५०० वा प्रति टिप २ प्रतिशत | भुम्लु गाउँपालिका भित्रकै काम गरेमा प्रतिदिन रु.५०० दिईनेछ (काम गरेको दिनका लागि मात्र दिने) वा अन्य स्थानबाट टिप लगेको अवस्थामा प्राप्त भएको आम्दानीको २ प्रतिशत मध्ये जुन बढी हुन्छ सोही रकम भुक्तानी दिईनेछ र यस्तो भुक्तानी पूर्वाधार विकास समितिको सिफारिसका आधारमा मात्र भुक्तानी दिईनेछ । |



भुम्लु गाउँपालिका २०७३

CamScanner

**प्रस्ताव न. ५ः ढुङ्गाको दररेट निर्धारण गरी ढुङ्गा विक्रिवितरण गर्ने सम्बन्धमा**

निर्णय न.५ः प्रस्ताव न. ५ माथि छलफल गर्दा भुम्लु गाउँपालिकाबाट विभिन्न स्थानमा सुरु भएको सडक विस्तारको क्रममा प्राप्त भएका ढुङ्गाहरु गाउँपालिका मातहतबाट दररेट तोकी विक्रि वितरण गरौं भनि माग भई आएकाले पालिकाको भौगोलिक अवस्था, ढुङ्गाँ खपतको अवस्था र स्थानिय स्तरमा चलेको दररेटलाई समेत ध्यानमा राख्दै प्रति घन मिटर रु.८००।-का दरले विक्रि वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव न. ६ः काभ्रे खोला सिम्थली पुल निर्माण सम्बन्धमा**

निर्णय न.६ः प्रस्ताव न. ६ माथि छलफल गर्दा भुम्लु गाउँपालिकाको वडा न. २ मा रहको काभ्रे खोलामा पुल निर्मणका लागि पूर्वधार विकास कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.७ः सिम्थली स्वास्थ्य चौकीमा ल्याव निर्माण गर्ने सम्बन्धमा**

निर्णय न. ७ः प्रस्ताव न. ७ माथि छलफल गर्दा भौगोलिक विकटतालाई ध्यानमा राख्दै सिम्थली स्वास्थ्य चौकीबाटै स्वास्थ्य परिक्षणको कामलाई अझै प्रभावकारी बनाउका लागि तहाँ रहको स्वास्थ्य चौकीमा मेडिकल ल्याव स्थापना गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.८ः वडा न. ९ मा सडकको नयाँ ट्रायक स्थापना गर्ने सम्बन्धमा**

निर्णय न.८ः प्रस्ताव न. ८ माथि छलफल गर्दा वडा न. ९को काँडालाउने देखि देउपाले सम्म नयाँ ट्रायाक खोल्नुपर्ने माग स्थानीयबाट आएकोले सो सडक निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै सो स्थानमा इन्द्रावती खोलाको लामापाते बगर पनि पर्ने र सो बगरबाट ढुङ्गा, गिट्टी निर्यात गर्नका लागि भुम्लु गाउँपालिकाले ठेक्का समेत लगाएको र सो स्थानमा ठेक्का प्राप्त गर्ने त्रिवेणी इन्फ्रा इन्टरनेशनल प्रा.लि. ले सो सडक निर्माणको लागि इच्छा समेत प्रकट गरेकाले सो कम्पनीलाई गाउँपालिका र वडा कार्यालयसँग समन्वय गरी काम गर्नका लागि कायदिश दिने निर्णय गरियो । साथै सो सडक निर्माणका लागि गाउँपालिकाबाट अधिकतम रु.१ लाख सम्मको इन्धन समेत सहयोग गर्ने निर्णय गरियो ।

**प्रस्ताव न. ९ः सडक निर्माणका क्रममा प्राप्त भएको ग्रेगर विक्रिवितरण गर्ने सम्बन्धमा**

निर्णय न.९ः प्रस्ताव न. ९ माथि छलफल गर्दा भुम्लु गाउँपालिकाको वडा न. ८ मा रहेको सिलामे क्षेत्रमा सडक निर्माणका क्रममा निस्किएको ग्रेगीनहरुलाई संकलन गरी प्रतिटिप रु. २५००।– दरले विक्रि वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव न. १०ः विविध :**

- भुम्लु आधारभुत अस्पताल निर्माणको लागि अपुग आवश्यक जग्गा श्री प्रकाश मा.वि. को नाममा रहेको पारीग्याम वारी ।।१ मध्ये ।।। ५ पाँचमुठी (चौडाई ५५ मिटर र लम्बाई १०५ मिटर) विद्यालय व्यवस्थापन समितिको मिति २०७७।०६।१७ गतेको बैठकले उपलब्ध गराउने निर्णय भएको र भुम्लु -८ वडा समितिले समेत निर्णयार्थ पेश गरिएको हुँदा उक्त प्राप्त जग्गा भुम्लु आधारभुत अस्पताल भुम्लुटारको नाममा ल्याउन नियमानुसार आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय पारित गरियो ।
- भुम्लु गाउँपालिकाले आ.व. २०७९।८० को लागि कोदो, फापर लगायतको वालीहरु उत्पादकलाई प्रोत्साहन गर्नका लागि विनियोजन गरिएको रकम नपुग भएकाले सो रकमलाई रु.८,००,०००।– थप गर्ने निर्णय गरियो ।

भुम्लु गाउँपालिका २०७३



CamScanner